नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २४७ २०८० साल बैशाख २२ गते शुक्रबार (5 May 2023 Friday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतमा गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : वीरगञ्ज भन्सारमै थन्किए नयाँ... ३ पृष्ठमा : नक्कली शरणार्थी प्रकरण : ... ३ पृष्ठमा सुडानका युद्धरत पक्षलाई शान्ति,..

# उपचार खर्च तिर्न नसक्दा शव तीन दिनदेखी अस्पतालमै



**दैनिक समाचारदाता**
**राजविराज, २१ बैशाख ।**

सिरहाको मिर्चैया नगरपालिका ५ का ३६ वर्षिय बिरेन्द्र सदाको शव औषधी र उपचार खर्च तिर्न नसक्दा तीन दिनदेखी अस्पतालमै रहेको छ ।

उपचार कै क्रममा तीन दिन अघि मृत्यु भएको उनको शव औषधी र उपचार बापत लागेको सम्पुर्ण खर्च तिर्न नसकेपछी बिराटनगरस्थित न्यूरो अस्पताल रहेको मृतककी श्रीमती मालती देवी सदाले बताएकी छिन् ।

अत्यन्त विपन्न परिवारका सदा मस्तिष्कघात भई गत चैत्र २७ गते सो अस्पतालमा उपचारका लागी भर्ना गरिएकोमा उपचार कै क्रममा बैशाख १९ गते मृत्यु भएको थियो ।

मृतकका भतिजा अभिषेकले अस्पतालले काकाको उपचार बापतको बाँकी बक्यौता सम्पुर्ण रकम नबुझाएका कारण शव लिएर जान नदिएको बताए ।

परिवारको आर्थिक अवस्था अत्यन्त कमजोर भएकाले उपचार र औषधी बापतको बाँकी रकम तिर्न सक्ने अवस्था नरहेको उनले बताए । मृतकका आफन्तले अस्पतालमा जग्गा बेचर २ लाख रुपैया बुझाएका छन ।

लामो समय भेन्टीलेटर तथा आइसियुमा राखिएकोले औषधी र उपचार खर्च लम्बिएको भन्दै अस्पतालले थप तीन लाख रकम माग्ने गरेको सदाकी श्रीमती मालतीले बताईन । उनले भएको जग्गा पनि बेची सकेकोले अब कसैले ऋण पनि दिन नमानेको तथा अस्पतालले पुरा पैसा नपाएसम्म शव दिन नसकिने भन्दै फर्काइ दिएको बताए ।

मृतकका छोरा अंकितले औषधी वापत आइएन फार्मेसीको ३ लाख तथा उपचार वापत अस्पताललाई ३ लाख तिर्न बाँकी रहेको बताए । अस्पतालले उपचार खर्च वापत ३ लाख भन्दा बढी रुपैया बाँकी रहेको जनाएको छ ।

अस्पतालका प्रशासन अधिकृत मातृका पोखरेलले औषधी बाहेक उपचार खर्च मै ३ लाख ३५ हजार बाकी रहेको बताए । उनले बाकी सम्पुर्ण रकम नभएपनि अस्पताललाई पनि समस्या नहुने गरी आफन्तले मानासिव रकम बुझाए शव दिन तयार रहेको बताएका छन् ।

शव ल्याउन र अस्पताललाई खर्च बापतको बाकी रकम जुटाउन अहिले स्थानीय समाजसेवी पंचु माझी मुसहरले सहयोग संकलन अभियान सुरु गरेका छन । उनले तीन दिन यता सूरु गरेको प्रयासमा विहिवार सम्म ४८ हजार ५ सय रुपैया सहयोग संकलन भएको बताए । उनले सहयोग संकलन अभियान सिरहा र सप्तरीमा चलाइएको जानकारी पनि दिए । अन्य जिल्लाबाट समेत सहयोगको आश्वासन आईरहेको उनले जनाएका छन ।

# तीन सय विपन्न घरपरिवारको फुसको छानो हटाउने तयारी



**दैनिक समाचारदाता**
**राजविराज, २१ बैशाख ।**

सप्तरीको रुपनी गाउँपालिकाले थप ३ सय विपन्न घरपरिवारका लागि फुसको छानो हटाउने अभियान अन्तर्गत सहयोग गर्ने भएको छ ।

विहिवार प्रतिनिधी सभा सदस्य दिनेश कुमार यादवको अध्यक्षतामा गाउँपालिकाको सभाकक्षमा बसेको सुरक्षित नागरिक आवास समन्वय समितीको बैठकले गरिब निमुखाका लागी सुरक्षित घर बनाउन थप ३ सय परिवारको पहिचान गरी शहरी विकास मन्त्रालयबाट आवश्यक बजेटका लागी पहल गर्ने निर्णय गरेको छ ।

बैठकमा समितीका अर्का सदस्य जिल्ला समन्वय समितीका उपप्रमुख शम्भु यादव र सदस्य सचिव समेत रहेका सघन शहरी आयोजना कार्यालयका प्रमुख सचिन्द्र देव, रुपनी गाउँपालिकाका निमित प्रमुख प्रशासकिय अधिकृत जामुन कुमार दास लगायतको सहभागिता रहेको थियो ।

फुसको छानाका कारण हावाहुरीको समयमा अत्यधिक आगालागीका घट्ना हुदा ठूलो धनजनको क्षति हुने र बर्षेनी परालले छानो हाल्नु पर्ने समस्यालाई दृष्टिगत गरी गाउँपालिका क्षेत्र भित्र रहेको फुसको छानो विस्थापति गर्ने योजना अभियान कै रुपमा अघि बढेको गाउँपालिका अध्यक्ष यादवले बताए ।

उक्त पालिका क्षेत्र भित्र हाल सम्म २ सय ४६ वटा घरको फुसको छानो हटाई जस्तापाता सहितको सुरक्षित घर बनाउने काम धमाधम भइरहेकोमा थप ३ सय विपन्न परिवारका लागी त्यस्तो तयारी थालिएको गाउँपालिकाले जनाएको छ ।

रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादव सुरक्षित नागरिक अवास समन्वय समितीका सदस्य हुन भने प्रतिनीधी सभासदस्य यादव समितीका अध्यक्ष हुन ।

# नक्कली नेपाली नोटसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**पर्सा, २१ बैशाख ।**

वीरगंज महानगरपालिका वडा नं. १६ बाट प्रहरीले दुई जनालाई नक्कली नेपाली

*बाँकी अन्तिम पृष्ठमा*

# कोरोना संक्रमणबाट बच्न सुर्तीजन्य पदार्थको सेवन नगर्न आग्रह

काठमाडौँ, २१ बैशाख (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरसको सङ्क्रमणबाट बच्न सुर्तीजन्य पदार्थको सेवन नगर्न आग्रह गरेको छ ।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले कोरोना भाइरसले फोक्सोलाई क्षति पुऱ्याउने र सुर्तीजन्य पदार्थ सेवन गर्नेको फोक्सोमा पहिले नै समस्या भइसकेकाले सुर्तीजन्य पदार्थको सेवन नगर्न आग्रह गरिएको बताउनुभयो । "कोरोना भाइरसले फोक्सोलाई क्षति पुऱ्याउँछ । सुर्तीजन्य पदार्थको सेवन गर्नेको फोक्सो पहिले नै समस्या भइसकेको हुन्छ", उहाँले भन्नुभयो, "त्यसैले कोरोना भाइरसबाट बच्नका लागि सुर्तीजन्य पदार्थको सेवन गर्नु हुँदैन ।"

धूम्रपानले फोक्सोको क्यान्सर निम्त्याउने सम्भावना २२ गुणाले बढाउने मन्त्रालयले जनाएको छ । सुर्तीजन्य पदार्थको सेवनले शरीरको रोग प्रतिरोधात्मक शक्तिलाई असर गर्ने र त्यसले सङ्क्रमण हुने सम्भावना बढाउने मन्त्रालयले जनाएको छ ।

सुर्तीजन्य पदार्थ सेवन गर्दा ओठ, मुख औलाले छुनुपर्ने हुँदा कोरोना सङ्क्रमण सजिलै सर्ने सम्भावना बढी हुने सहप्रवक्ता डा अधिकारीले बताउनुभयो । "सुर्तीजन्य पदार्थ एकापसमा साटासाट गरी सेवन गर्ने क्रममा एक व्यक्तिबाट अर्को व्यक्तिमा सङ्क्रमण सर्न सम्भावना बढी हुन्छ", उहाँले जारी गर्नुभएको सूचनामा भनिएको छ, "एउटै हुक्का, चिलिम प्रयोग गरी पालैपालो सेवन गर्दा एक व्यक्तिबाट अर्को व्यक्तिमा सङ्क्रमण फैलिन सक्दछ ।"

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**

## सम्पादकीय

### ड्याम्पिङ साइटको कार्य कहाँ पुग्यो !

राजविराज नगरपालिकाले फोहर व्यवस्थापनका लागि ड्याम्पिङ साइट निर्माण गर्न थालेको १० महिना भन्दा बढी भइसक्यो । तर, हालसम्म सो कार्य कहाँसम्म पुग्यो भन्ने थाहा छैन् । नगरका फोहरहरुलाई व्यवस्थापन गर्न नसकेर नगर नै दुर्घन्धित हुन पुगेको छ। हालसम्म फोहर फ्याक्ने स्थान नतोकिदा अनाधिकारि स्थानमा फ्याकिने गरिन्छ । जसकारण सो स्थान पनि दुर्घन्धित हुन पुगेको छ। कतिपयले आ-आफ्नै घरमा फोहर व्यवस्थापन गर्ने गरेका छन् भने अधिकांशले सडक तथा सार्वजनिक स्थलमा फ्यालेको देखिन्छ । नगरपालिकामा भने फोहर व्यवस्थापनका लागि हरेक वर्ष बजेट नै छुट्याइन्छ। तर, आजसम्म ड्याम्पिङ साइट (फोहरमैला व्यवस्थापन गर्ने स्थल)को रुपमा कुनै क्षेत्र तोकिएको छैन् । नगरपालिकाको ट्याक्टरले हप्ताको एक पटक वडा वडामा गएर फोहर लिने गर्छ र नजिकैको खाँडो नदी छेउमा फ्याल्ने काम गर्छ ।

यसरी ड्याम्पिङक साइट बनाउँन नसक्दा नगरपालिकावासीले फोहरको दुर्गन्धले पीडित बन्दै आएका छन् । खाँडो नदी क्षेत्रमा फोहर फ्याल्नाले नदी आफै दुर्गन्धीत हुनका साथै पानी परेको बेला सो फोहर पुनः बाढीको सँगै स्थानियकै घरमा पुग्ने गर्दछ । यति मात्र नभएर शौचालयको फोहर समेत बिभिन्न नीजि तथा पालिकाको ट्याक्टरले फ्याल्ने काम पनि खाँडो नदीमै गर्ने गरेका छन् । ड्याम्पिङ साइट नहुँदा सोही फोहरबाट मोहर बनाउने काम समेत प्रभावित भएको छ। फोहरलाई एकत्रित गरि त्यसलाई सडाईगलाई मलखाद बनाई बिक्रि समेत गर्न सकिन्छ भने सो मलखाद खेतीका लागि निकै नै फलदायी हुने गरेको छ ।

तसर्थ ड्याम्पिङ साइट निर्माणको कार्यलाई तदारुकताका साथ अगाडी बढाउनु आवश्यक छ । सोही फोहरबाट मोहर बनाउने कामलाई सुरुवात गर्न अग्रसरता देखाउनु जरुरी छ। यसले फोहर व्यवस्थापन हुनका साथै खेतीका लागि मलखादको समस्या केही हटेर जान सक्ने सम्भावना हुन्छ। यसका लागि नगरपालिका गम्भिर बन्नु जरुरी छ ।

# वीरगञ्ज भन्सारमै थन्किए नयाँ सवारी साधन

**राजु विश्वकर्मा**

वीरगञ्ज, २१ वैशाख (रासस) ।

आयातकर्ताले जाँचपास गराएर नलगेपछि एक हजारभन्दा बढी सवारी साधन वीरगञ्जस्थित एकीकृत सुरक्षा जाँच चौकीमा थन्किएका छन् । बजारमा सवारी साधनको माग घटेको र बैंकले समेत बिलासिताको वस्तुमा पर्ने सवारी साधन खरिदमा ऋण लगानी रोकेसँगै आयातकर्ताले नलग्दा सवारी साधन थन्किएका हुन् ।

आयात गरेका सवारी साधन व्यवसायीको शोरुम वा गोदममा हुनुपर्नेमा यसरी लामो समयसम्म थन्किँदा समस्या भएको वीरगञ्ज भन्सार कार्यालयका प्रमुख डिल्लीराम पन्थीले जानकारी दिनुभयो । भारतबाट आयात भएर आएका साना र ठूला गरी एक हजार नौ सय नौ सवारी साधन भन्सारमै थन्किएका छन् । आयात भएका कार/जीप छ सय २९, बस ३४, ट्रकका चेचिस आठ सय ४४, नयाँ चेचिस तीन सय ८६ र ट्र्याक्टर १० भन्सारमा थन्किएका छन् ।

सवारी साधन थन्किनुको प्रमुख कारण राष्ट्रिय अर्थतन्त्रमा देखिएको मन्दी भएको प्रमुख पन्थीको भनाइ छ। "आयातकर्ताले आयात गरेर त ल्याउनुभयो, तर बजारमा सवारी साधनको खासै माग छैन, त्यसैले उहाँहरुले जाँचपास गराएर सवारी साधन लैजान चासो देखाउनुभएको छैन", उहाँले भन्नुभयो ।

आयातकर्तालाई गाडी छिटो लैजान र आइसीपीमा ठाउँ खाली गरिदिन आग्रह गर्दै आए पनि थोरै थोरै गरेर मात्र गाडी भन्सार जाँचपास गरेर लगिरहेको प्रमुख पन्थीले बताउनुभयो । सरकारले बिलासिताको वस्तु आयातमा रोक लगाएपछि वीरगञ्ज भन्सार कार्यालयको राजस्व सङ्कलनसमेत प्रभावित भएको छ। कार्यालयले चालु आर्थिक वर्ष २०७९/८० को हालसम्ममा लक्ष्यको ५९ दशमलव ८२ प्रतिशत राजस्व सङ्कलन गरेको छ ।

चालु आवको हालसम्ममा रु दुई खर्ब चार अर्ब ९१ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा लक्ष्यको ५९ दशमलव ८२ प्रतिशत अर्थात् रु एक खर्ब २२ अर्ब ५७ करोड राजस्व सङ्कलन भएको वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी रामचन्द्र ढकालले जानकारी दिनुभयो । कार्यालयको चालु आव २०७९/८० मा रु दुई खर्ब ६० अर्ब ९७ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य छ । हालसम्म वार्षिक लक्ष्यको ४७ प्रतिशत मात्र राजस्व सङ्कलन भएको छ ।

कार्यालयले गत आव २०७८/७९ मा लक्ष्यको ९३ प्रतिशत र आव २०७७/७८ मा लक्ष्यको ९७ प्रतिशत राजस्व सङ्कलन गरेको थियो । चालु आवमा लक्ष्यअनुसार राजस्व सङ्कलन हुने सम्भावना कम रहेको ढकालको भनाइ छ। समग्रमा आयात घट्नु, राजस्वमा बढी योगदान गर्ने वस्तुको आयातमा प्रतिबन्ध तथा एलसी खोल्नमा कडाइ पनि गरिएकाले राजस्व सङ्कलन घटेको जनाएको छ ।

सरकारले मदिरा, मोबाइल, गाडीको आयात खुला गरे पनि आयातकर्ताले एलसी खोलेर आयात गर्न अझै समय लाग्ने भएकाले अझै केही महिना यस्तै अवस्था हुने उहाँको भनाइ छ। यता व्यवसायीले सरकारको मौद्रिक नीतिका कारण सवारी साधान बिक्रीमा आएको ह्रास र व्यवसायीको लगानी गर्ने क्षमतामा आएको कमीले सवारी साधन भन्सारमै थन्किएको बताएका छन् ।

"अर्थतन्त्रमा सुस्तता देखिएको छ, हरेक व्यक्तिमा आर्थिक समस्यामा छन्, कसैले निर्माणका काम गर्नै चाहेका छैनन्, यस्तो अवस्थामा नयाँ सवारी साधन बिक्री हुने स्थिति छैन", नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य डा सुबोध गुप्ताले भन्नुभयो, "देशण्को पुँजी र कर्जा नीति पनि ठीक छैन, हामीले त्यसमा सुधार गर्न धेरै पटक सरकारलाई भन्यौं, तर सुधार भएन ।" अहिले त्यसैको असरस्वरुप बैंक तथा वित्तीय संस्था पनि ऋण प्रवाह गर्न सकिरहेका छैनन, जसका कारण यस्तो समस्या देखिएको हो, उहाँले भन्नुभयो ।

"अहिलेको अवस्थामा सवारी साधन मात्रै नभई अधिकांश समानको बिक्री घटेको छ", गुप्ताले भन्नुभयो, "बैंकले पनि ऋण लगानी गरेको छैन, यस्तो अवस्थामा व्यवसायीले भन्सारबाट गाडी छुटाएर गोदाममा थन्काउनुबाहेको विकल्प छैन ।" जति रकम तिरेर सवारी साधन आयात गरिएको छ, त्योभन्दा बढी राजस्व भन्सारमा तिर्नुपर्ने भएकाले पनि व्यवसायीले भन्सारमै सवारी साधन थन्क्याएको उहाँले बताउनुभयो ।

# डाटा रिकभरी नभएपछि आयोगद्वारा पुन:दरखास्त आह्वान

काठमाडौँ, २१ वैशाख (रासस) ।

लोकसेवा आयोगको अनलाइन दरखास्त प्रणाली होस्ट गरिएको सरकारी एकीकृत डाटा सेन्टरमा रहेको तथ्याङ्क हराएपछि बुधबार उम्मेदवारका लागि पुन:दरखास्त आह्वान गरेको छ ।

आयोगले डाटा सेन्टरबाट पहिले दरखास्त बुझाएको फाराममको तथ्याङ्क हराएकाले उम्मेदवारलाई पुन:दखास्त गर्न आह्वान गरिएको आयोगका सूचना अधिकरी देवीप्रसाद सुवेदीले जानकारी दिनुभयो । उहाँले डाटा रिकभरी गर्न नसकिने भएपछि पुन:दरखास्त गर्नुपरेको बताउनुभयो ।

"डाटा सेन्टरमा अवस्थित पूर्वाधारमा विसं २०७९ फागुन २३ गते समस्या सिर्जना भएपश्चात् डाटा सेन्टरबाट डाटा रिकभरीको कार्य भइरहेको तर प्रक्रिया कहिलेसम्म पूरा हुने र के कति डाटा रिकभरी हुने सम्बन्धमा यकीन गर्न नसकिने व्यहोराको जानकारी प्राप्त भएको छ", उहाँले भन्नुभयो, "डाटा रिकभरी भएपछि अनिश्चितकालसम्म आयोगका पूर्वप्रकाशित विज्ञापनसम्बन्धी कार्यलाई यथास्थितिमा राखिरहन नमिल्ने भएकाले यही वैशाख १४ गतेको आयोगको निर्णयले पुन:दरखास्तका लागि आह्वान गरिएको हो ।"

आयोगले गत मङ्सिर, पुस र माघ महिनामा प्रकाशित ती पदका विज्ञापनमा पुन:दरखास्त आह्वान गरिएको हो । ती पदमा सम्बन्धित उम्मेदवारले आगामी जेठ १८ गतेभित्र पुन:दरखास्त पेस गरी सक्नुपर्नेछ ।

विसं २०७९ मङ्सिर महिनामा प्रकाशित राजपत्राङ्कित तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सोसरहको पदको विज्ञापन, पुस महिनामा प्रकाशित राजपत्र अनङ्कित प्रथम श्रेणीको अप्राविधिक नायब सुब्बा वा सोसरह पदको विज्ञापन र माघ महिनामा प्रकाशित राजपत्र अनङ्कित प्रथम श्रेणी (प्राविधिक) नायब सुब्बा वा सोसरह र स्वास्थ्य सेवातर्फ पाँचौं तहको पदको विज्ञापनमा पेस भएका दरखास्तसम्बन्धी विवरणको डाटा हराएको हो ।

पूर्वउम्मेदवारले दरखास्त दस्तुर बुझाएको राजस्वसम्बन्धी विवरण सरकारको राजस्व व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त गरी अनलाइन दरखास्त प्रणालीमा अद्यावधिक गरिसकिएको हुँदा पुन:दरखास्त पेस गर्ने उम्मेदवारले दरखास्त दस्तुर बुझाउनुपर्ने छैन ।

पुन:दरखास्त आह्वान गरिएका विज्ञापनमा साविकमा जुन समूहको विज्ञापनमा आवेदन गरिएको हो । सोही समूहको विज्ञापनमा मात्र आवेदन गर्नुपर्नेछ । यसपूर्व दरखास्त पेस गर्ने कुनै उम्मेदवारको प्रोफाइल आयोगको दरखास्त प्रणालीमा उपलब्ध नभई लगइन गर्न असमर्थ भएको अवस्थामा त्यस्ता उम्मेदवारले साविकमा दरखास्त पेस गर्दा आफूले उल्लेख गरेको मोबाइल नम्बर प्रयोग गरी नयाँ प्रोफाइल खोली पुन:दरखास्त पेस गर्नुपर्ने सूचनामा उल्लेख गरिएको छ ।

# अनलाइनमार्फत नौ हजार पदयात्रीले लिए 'टिम्स' कार्ड

काठमाडौँ, २१ वैशाख (रासस) ।

सरकारले पदयात्रामा जाने विदेशी पर्यटकलाई पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स) कार्ड र ट्रेकिङ गाइड अनिवार्य गरेसँगै अनलाइनमार्फत टिम्स कार्ड लिने पदयात्री बढेका छन् ।

नेपाल पर्यटन बोर्ड, ट्रेकिङ एजेन्सीज् एसोसिएसन अफ नेपाल (टान) र पर्यटन क्षेत्रमा आबद्ध मजदुरको संयुक्त सङ्गठनको पहलमा नेपाल भ्रमणमा आउने बिदेशी पर्यटकलाई टिम्स कार्ड र गाईडबिना पदयात्रामा जान नपाउने नियम लागू गरेसँगै अनलाईनमार्फत टिम्स कार्ड लिने पदयात्रीको सङ्ख्या बढेको हो ।

टान र पर्यटन बोर्डले संयुक्त प्रदान गर्दै आएको टिम्स कार्डलाई अप्रिल १ देखि अनलाईनमार्फत बितरण गर्न थालेसँगै नौ हजार तीन सय २० पदयात्रीले टिम्स कार्ड लिएका हुन् । यस्तै, सोही अवधिमा एक हजार पाँच सयभन्दा बढी ट्रेकिङ कम्पनी टिम्समा आबद्ध भएका छन् । सरकारले टिम्स कार्ड लिएबापत पदयात्रीसँग रु दुई हजार शुल्क लिँदै आएको छ ।

टानका अध्यक्ष नीलहरि बाँस्तोला पर्यटकको सहजताका लागि अनलाइनमार्फत टिम्स कार्ड बितरण गरिएको बताउनुहुन्छ । "पदयात्रालाई सुरक्षित, भरपर्दो र व्यवस्थित बनाउनका लागि सरकारले अनिवार्य गाईड र टिम्स कार्डको व्यवस्था गरेको हो", उहाँ भन्नुहुन्छ । अध्यक्ष बाँस्तोला बर्सेनि

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# नक्कली शरणार्थी प्रकरण : १०६ जनाले दिए रु २३ करोड २५ लाख ठगिएको उजुरी

काठमाडौं, २१ वैशाख (रासस)।

नक्कली शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै करोडौं रकम असुली प्रकरणमा प्रहरीले हालसम्म आठ जनालाई पक्राउ गरी अनुसन्धानको दायरामा ल्याएको छ।

अझै केही व्यक्तिमाथि पक्राउ पुर्जी जारी भएको र उनीहरुको खोजी भइरहेको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले जानकारी दिनुभयो।

उक्त मुद्दा जिल्ला प्रहरी परिसरले हेरिरहेको छ। बिभिन्न जिल्लाका नागरिकबाट पैसा असुल गरेको आरोप लगाउँदै परिसरमा अहिलेसम्म एक सय छ जनाले २० वटा उजुरी दिएका छन्।

उनीहरुले कूल रु २३ करोड २५ लाख ठगी भएको उजुरी दिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिनुभयो। यद्यपि योभन्दा धेरै सङ्ख्यामा पीडित भएको अनुमान गरिए पनि अन्य व्यक्ति सम्पर्कमा आइनसकेको उहाँको भनाइ छ। हाल उजुरीमा उल्लेख भएका व्यक्तिमाथि अहिले अनुसन्धान जारी रहेको प्रहरीको भनाइ छ।

गिरोहले विसं २०७७ देखि नक्कली शरणार्थी बनाइ ठगी अभियान चलाएको खुलेको छ। यस सम्बन्धमा पहिलो पटक गत जेठमा अपराध अनुसन्धान कार्यालयमा उजुरी परेको थियो। घटनामा मुख्य आरोपी मानिएका केशव दुलाल, सानु भण्डारी र टङ्क गुरुङ झण्डै १० महिनापछि गत चैत १२ गते पक्राउ परेका थिए। त्यसको केही दिनपछि सन्देश शर्मा पोखरेल र सागर थुलुङ पक्राउ परेका थिए।

उनीहरुकै बयानका आधारमा गृहका अधिकारी र उच्च राजनीतिक नेतृत्व संलग्न भएको तथ्य बाहिर आएको अपराध अनुसन्धान कार्यालयको प्रारम्भिक अनुसन्धान प्रतिवेदनमा उल्लेख छ।

घटनाको थप अनुसन्धान र कानुनी कारबाहीका लागि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जिल्ला प्रहरी परिसरलाई पक्राउ परेका आरोपीसहितको अनुसन्धान फाइल हस्तान्तरण गरेको थियो।

सोही सिलसिलामा प्रहरीले वैशाख १९ गते मङ्गलबार तत्कालीन गृहमन्त्री रामबहादुर थापाका राजनीतिक सल्लाहकार डा इन्द्रजीत राईलाई पक्राउ गरेको थियो। प्रहरीले हिजो तत्कालीन गृहसचिव भइ हाल उपराष्ट्रपति कार्यालयका सचिव टेकनारायण पाण्डे र पूर्वऊर्जामन्त्री एवं नेकपा (एमाले)का सचिव टोपबहादुर रायमाझीका छोरा सन्दीप रायमाझीलाई पक्राउ गरेको हो।

प्रहरीले पक्राउ परेका गिरोहका समूहबाट प्रहरीले सन्दीपका नाममा काटेको चेकसमेत बरामद गरिसकेको छ। प्रहरीले अहिले पनि सचिव रायमाझी र डा राईका छोरा नीरजमाथि पक्राउ पुर्जी जारी गरी खोजी गरिरहेको छ। नीरजले काठमाडौंका विभिन्न होटलमा पुगेर करोडौं रकम बुझेको प्रहरी स्रोतको भनाइ छ।

"अन्य केही व्यक्ति पनि अनुसन्धानको घेरामा छन्, प्रमाण जुटेपछि पक्राउ पर्छन्", अनुसन्धानमा संलग्न एक प्रहरी अधिकृतले भन्नुभयो।

गिरोहले गृह मन्त्रालयका नाममा सरकारी लोगोसमेत प्रयोग गरी शरणार्थी परिचयपत्र तथा ट्राभल डकुमेन्टसमेत बनाएको भेटिएको छ। गिरोहले आफूसँग सम्पर्कमा आएका र चिनजानमा रहेका व्यक्तिलाई प्रयोग गरी उनीहरुका आफन्तलाई समेत शरणार्थी बनाएर अमेरिका पठाइदिन्छु भनि भुटानी शरणार्थीका रुपमा नाम दर्ताका लागि फारम भर्न लगाएका थिए।

उनीहरुले शरणार्थी फारम भर्नेबाट रु १५ देखि २० लाख असुलेका थिए। गिरोहले गृह मन्त्रालय र शरणार्थी समितिका उच्च अधिकारीसँग सेटिङ भइरहेको सुनाएर पीडितलाई विश्वास दिलाउने गरेका थिए। विश्वासमा पारिराख्न गृह मन्त्रालय, श्रम मन्त्रालय र शरणार्थीसँग सम्बन्धित विभिन्न निकायसँग सम्बन्धित पत्र देखाउने गरेका थिए।

गिरोहले पत्रपत्रिका र अनलाइनमा आएका फोटो, समाचार तथा शरणार्थी समस्या हेर्ने बिभिन्न निकायका कर्मचारीको सरुवासम्बन्धी समाचार पीडित समक्ष सेयर गरी विश्वास बटुल्ने गरेको कार्यालयका प्रहरी उपरीक्षक सोमेन्द्रसिंह राठौरले उतिबेलै राससलाई बताउनुभएको थियो।

पीडितलाई कहिले शरणार्थी शिविर अनुगमन हुन लागेको भन्दै त कहिले बायोमेट्रिक गर्नुपर्ने भन्दै पथरी, बेलडाँगी, विराटनगर, सौराहा, काठमाडौंलगायत स्थानमा पटकपटक बोलाउने गरेको जाहेरीमा उल्लेख छ।

उनीहरुले काम नभएमा रकम फिर्ता गरिदिन्छु भन्दै रु आठ करोड बराबरको चेक समेत दिएका थिए। उनीहरुले यसरी उठाइएको रकम सङ्कलनका लागि विभिन्न व्यक्तिको बैंक खाता प्रयोग गर्ने गरेका पाइएको छ।

## सन्दीपलाई तीन दिन हिरासतमा राख्न अनुमति

काठमाडौं, २१ वैशाख (रासस)।

नक्कली भुटानी शरणार्थी बनाएर नेपालीलाई अमेरिका पठाउने कार्यमा संलग्नता भएको आरोपमा पक्राउ परेका सन्दीप रायमाझीलाई जिल्ला अदालत काठमाडौंले तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ।

नेपालीलाई भुटानी शरणार्थीको परिचयपत्र बनाएर अमेरिका पठाउने नाममा ठगी गरेको आरोपमा सन्दीपलाई प्रहरीले बुधबारराति बुटवलबाट पक्राउ गरी बिहीबार जिल्ला अदालत काठमाडौंमा म्याद थपका लागि पेस गरेको थियो।

सन्दीप नेकपा (एमाले)का सचिव तथा पूर्वमन्त्री टोपबहादुर रायमाझीका छोरा हुन्। रायमाझीसहित उक्त प्रकरणमा आठ जना पक्राउ परिसकेका छन्। हिजो पूर्वगृहसचिव तथा उपराष्ट्रपति कार्यालयका सचिव टेकनारायण पाण्डे पनि पक्राउ परिसकेका छन्। उहाँमाथि थप अनुसन्धान चलिरहेको उपत्यका प्रहरी कार्यालयले जनाएको छ।

# संघीय शिक्षा ऐन छिटो ल्याउन शिक्षक संघको माग

काठमाडौं, २१ वैशाख (रासस)।

नेपाल शिक्षक सङ्घले शिक्षक र विद्यालयका हक हितलाई सम्बोधन हुनेगरी छिटो सङ्घीय शिक्षा ऐन ल्याउनुपर्नेलगायत २० बुँदे माग सार्वजनिक गरेको छ।

हालै भएको नवौं महाधिवेशन र सङ्घीय कार्यसमितिको पहिलो बैठकका निर्णय पत्रकार भेटमार्फत बिहीबार सार्वजनिक गर्दै सङ्घले नेपाली शिक्षकले भोग्नुपरेका समस्या समाधानका लागि निरन्तर रुपमा सरकारसँग दबाब निर्माण गर्दा पनि शिक्षा र शिक्षकमैत्री शिक्षा ऐन जारी हुन नसकेको जनाएको छ। सङ्घका अध्यक्ष सोमनाथ गिरीले शिक्षकका माग र मुद्दा यथावत् रहेको तथा नेपाल सरकार र पेसागत सङ्गठनबीच विगतमा भएका ५१ बुँदेलगायत सम्झौता कार्यान्वयन नहुँदा सरकार आफैँले गरेको सम्झौताप्रति इमान्दार हुन नसकेको आरोप लगाउनुभयो।

उहाँले स्थानीय तहले शिक्षकलाई प्रताडना दिने काम गरेको गुनासो पनि गर्नुभयो। सङ्घका वरिष्ठ उपाध्यक्ष इलमबहादुर शाहीले आगामी दिनमा परिणाममुखी निष्कर्षका लागि संवाद र आन्दोलनका कार्यक्रम सञ्चालन गर्ने जानकारी दिँदै ती मुद्दा सम्बोधनका लागि नेपाल शिक्षक महासङ्घ, एजुकेशन इन्टरनेसनललगायत संस्थासँग सहकार्य गरिने बताउनुभयो।

सङ्घका महासचिव ज्ञानेन्द्रबहादुर रावलले पटक-पटकका आन्दोलन र त्यसका बलमा भएका सहमति कार्यान्वयनमा राज्यले चासो नदिएको बताउनुभयो। नेपाल शिक्षक महासङ्घका महासचिव लक्ष्मीकिशोर सुवेदीले शैक्षिक र पेसागत माग सम्बोधन नभएकाले शैक्षिक क्षेत्रमा बेथितिमा देखिएकाले दबाबमूलक कार्यक्रम गर्न बाध्य भइएको बताउनुभयो।

सङ्घले सङ्घीय शिक्षा ऐन निर्माणका साथै राहत तथा साविक उच्च माध्यमिक तहका शिक्षकलाई दरबन्दीमा राखिनुपर्ने, कार्यरत सबै शिक्षकलाई अब हुने सबै विज्ञापनमा सामेल हुन उमेरको हद नलगाउने कानुनी प्रबन्ध हुनुपर्ने, बालकक्षा शिक्षक र विद्यालय कर्मचारीलाई दरबन्दीमा राखिनुपर्ने, लामो समयदेखि बढुवा हुन नपाएका स्थायी शिक्षकहरुलाई सहजतासहित बढुवा गरिनुपर्ने, स्थानीय तहबाट हुने प्रताडना रोकिनुपर्ने माग राखेको छ।

यस्तै सङ्घले दरबन्दी मिलान गर्दा कार्यरत शिक्षकलाई मर्कामा नपार्ने प्रत्याभूति दिन, एकै प्रकारका शिक्षक र आकर्षक सुविधा कायम गर्न, निजी विद्यालयका शिक्षक तथा सामुदायिक विद्यालयका निजी स्रोतका शिक्षकको पेसागत सुरक्षा दिन, सर्वोच्च अदालतबाट फैसला भएबमोजिम शिक्षकलाई प्राविधिक ग्रेड उपलब्ध गराउन, लामो समय अस्थायी सेवा गरेर आन्तरिक तथा खुल्ला परीक्षाबाट स्थायी भएका शिक्षकको अनिवार्य अवकाश हुँदा स्थायी सेवा अवधि पेन्सनका लागि अपुग हुने भएमा अवधि गणना गर्न माग गरेको छ।

यस्तै विद्यालय तहलाई संविधानको साझा अधिकार सूचीमा राख्न, शैक्षिक प्रशासनमा शिक्षकको काज वा अन्य सहभागिता गराउन, विशेष शिक्षातर्फ काम गरिरहेका अस्थायी शिक्षकलाई विशेष शिक्षा परिषद्बाट निर्णय गरी स्थायी गर्न प्राविधिक धार र शिक्षण सिकाइ अनुदान कोटाका शिक्षकलाई स्वीकृत दरबन्दीमा परिणत गर्न, सोझै प्राथमिक द्वितीय र निमावि द्वितीयमा स्थायी भएका तथा त्यही तहबाट बढुवा भएका शिक्षकको पद समायोजन गर्न, शिक्षक कर्मचारीको तलबभत्ता सशर्त अनुदान शीर्षकमा पठाउन, प्राकृतिक प्रकोप र दुर्घटनामा परी गम्भीर चोट लागेका शिक्षक-कर्मचारीको उपचारमा सहायता दिन कोष खडा गर्न, विसं २०७५ चैत ४ गते अगाडिका शिक्षक सरह नै सो मितिपछिका शिक्षकलाई पनि निवृत्तीभरण उपलब्ध गराउन माग गरिएको छ।

लोकतन्त्रवादी शिक्षकको ठूलो सङ्गठन मानिने सो सङ्घको गत चैत २८ देखि ३० गतेसम्म काठमाडौंमा भएको नवौं महाधिवेशनबाट निर्वाचित नयाँ सङ्घीय कार्यसमितिको पहिलो बैठक यही वैशाख १८ र १९ गते सम्पन्न भएको थियो।

### *अनलाइनमार्फत ...*

एक दर्जनभन्दा बढी पदयात्री बिना सूचना एक्लै पदयात्रामा जाँदा हराइरहेको बताउँदै पर्यटकको सुरक्षाकै लागि गाइड अनिवार्य गरिएको बताउनुहुन्छ।

"पर्यटक एक्लै पदयात्रामा जाँदा र हराउँदा नेपाल पदयात्राका लागि सुरक्षित गन्तव्य हैन भन्ने सन्देश विदेशमा गएको छ, यसलाई चिर्न जरुरी छ", अध्यक्ष बाँस्तोला भन्नुहुन्छ। टिम्स कार्ड र गाइड अनिवार्य गरेसँगै पर्यटक सुरक्षित हुने, नेपाली पर्यटक गाइडले रोजगारी पाउने, कम्पनीबाट जाँदा कम्पनीले राज्यलाई राजस्व तिर्ने भएकाले सबैलाई फाइदा हुने टानले जनाएको छ।

# विश्व समाचार

## सुडानका युद्धरत पक्षलाई शान्ति, मेलमिलापका निम्ति आग्रह

नैरोबी, २१ वैशाख (रासस/सिन्ह्वा)।

संयुक्त राष्टसङ्घका महासचिव एन्टोनियो गुटेरेसले बुधबार सुडानका युद्धरत पक्षलाई शान्ति र मेलमिलापको बाटो अपनाउन आह्वान गर्नुभएको छ।

बढ्दो मानवीय सङ्टबाट बच्न शान्ति र मेलमिलापको बाटो अपनाउन उहाँले सम्बन्धित सबै पक्षलाई विशेष आह्वान गर्नुभएको छ।

केन्याको राजधानी नैरोबीमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै गुटेरेसले अप्रिलको मध्यमा सुडानमा शुरु भएको द्वन्द्व गम्भीर चिन्ताको विषय रहेको बताउँदै लडाकूबीच हतियार बिसाउनु जरुरी रहेको बताउनुभएको छ।

"ठूलो जनधनको क्षति हुनुअघि यो लडाइँ रोक्नु आवश्यक छ र यो द्वन्द्व एक सर्वव्यापी युद्धमा बिस्फोट हुनसक्छ", गुटरेसले भन्नुभयो। "सबै पक्षले सुडानी जनताको हितलाई प्राथमिकतामा राख्नुपर्छ - जसको अर्थ शान्ति, समृद्धि र स्वदेश फर्किने हो", उहाँको टिप्पणी छ।

महासचिव गुटेरेसले पूर्वीअफ्रिकी राष्ट्रको आफ्नो आधिकारिक भ्रमणका क्रममा केन्याका अधिकारीसँग सुडानको अवस्थाबारे छलफल गर्ने अपेक्षा गरिएको छ। साथै यस वर्षको संयुक्त राष्टसङ्घ प्रणाली प्रमुख कार्यकारी बोर्ड समन्वयको पहिलो सत्रको अध्यक्षता गर्ने पनि अपेक्षा गरिएको छ।

सो बोर्ड जुन प्रत्येक वर्ष दुई पटक बैठक बस्ने गर्छ। त्यसले संयुक्त राष्टसङ्घ एजेन्सी, कोष र कार्यक्रमका नेतालाई एकसाथ भेला पारेर संयुक्त राष्टसङ्घ प्रणालीको उच्च समन्वय मञ्चको रूपमा प्रस्तुत हुन्छ।

खाना, सफा पिउने पानी र अत्यावश्यक औषधिको पहुँचको अभावमा सुडानको सङ्टले नागरिकलाई मारमा पारेको स्वीकार भन्दै महासचिवले सुडानी सशस्त्र बल (एसएएफ)का प्रमुख अब्देल फताह अल-बुर्हानलगायत सबैलाई शान्तिका लागि आग्रह गर्नुभएको छ।

## रुसद्वारा युक्रेनमा २४ ड्रोन प्रहार

कीभ, २१ वैशाख (रासस/एएफपी)।

रुसले युक्रेन विरुद्ध रातभरमा २४ वटा ड्रोन आक्रमण गरेको छ। तीमध्ये १८ लाई खसालिएको युक्रेनको वायुसेनाले जनाएको छ। "आक्रमणकारीले २४ शाहेद-१३६-१३१ सम्म आक्रमण ड्रोनहरू प्रक्षेपण गरेको र युक्रनको वायु सेनाले अन्य वायु रक्षा इकाईसँगको सहकार्यमा १८ वटा ड्रोन खसालेको बताएको छ।

## अमेरिकाको एटलान्टामा गोली चल्दा एक जनाको मृत्यु, चार घाइते

एटलान्टा, २१ वैशाख (रासस/एएनआई)।

एटलान्टाको मेडिकल सेन्टरको ११औं तल्लामा रहेको प्रतिक्षालयमा बन्दुकधारीले गोली चलाउँदा कम्तीमा एक जनाको मृत्यु भएको छ। त्यस्तै सो घटनामा अन्य चार जना घाइते भएका छन्।

घटनाको विवरण दिँदै एट्लान्टा प्रहरी विभागका प्रमुख डारिन सियरबमले गोली चलाउनेले पाँच जनालाई गोली हानेको र तीमध्ये एक जनाको घटनास्थलमै मृत्यु भएको बताएका छन्। गोली लागेका पाँचैजना महिला रहेको बताइएको छ।

एटलान्टा औषधालय नजिक बन्दुकधारीले गोली हानेको बुझिएको छ। उनीहरूको अहिले मेमोरियल अस्पतालमा उपचार भइरहेको पनि सीएनएनले उल्लेख गरेको छ। घटनामा सङ्लग्न व्यक्ति पूर्वकोस्ट गार्ड्सम्यान रहेको बुझिएको छ।

## इजरायलद्वारा बेलायत-इजरायली महिलाको हत्यामा सङ्लग्न तीन संदिग्धको हत्या

जेरुसेलम, २१ वैशाख (रासस/एएफपी)।

इजरायलले कब्जा गरेको वेस्ट बैङ्कमा बिहीबार छापा मारेर बेलाइती-इजरायली महिला र उनका दुई छोरीलाई गत महिना मारेको आरोपमा तीन प्यालेस्टिनी पुरुषलाई गोली हानेर मारेको इजरायलले जनाएको छ।

हत्यामा सङ्लग्न दुई सङ्दिग्ध लडाकु समूह हमासका सदस्य र उनीहरूलाई सहयोग गरेको आरोपमा अर्को व्यक्ति सेना, प्रहरी र शिन बेट सुरक्षा सेवाको संयुक्त अपरेशनमा नाब्लसमा मारिएको बताइएको छ।

यसले तीन जना मृतकलाई "लेआ, माइया र रिना डीका हत्यारा"को रूपमा पहिचान गरेको छ। जो अप्रिल ७ मा जोर्डन उपत्यकाको नजिकै आफ्नो गाडीमा भएको आक्रमण पछि ज्यान गुमाएका थिए।

